"विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर"

# व्यास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दमौली, तनहुँ,
## २०७३

प.सं. ०८३/८४ मितिः २०८३/०६/२०
च.नः 9923

### आवेदन पेश सम्बन्धी सूचना!
### दोस्रो पटक प्रकाशित मितिः २०८३/०६/२०

व्यास नगरपालिका कृषि तथा पशुपन्छी विकास शाखाको आ.व. २०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको कार्यक्रमहरु रहेको हुँदा व्यास नगरपालिकाका इच्छुक कृषक, कृषि फर्म, कम्पनी, कृषक समूह तथा कृषि सहकारीहरूले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आवश्यक कागजातसहित यस कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

| क.स | कार्यक्रमको नाम | बजेट रू हजार | सञ्चालन हुने कार्यक्रम तथा क्रियाकलापहरू: |
|---|---|---|---|
| १. | व्यवसायिक पशु फर्ममा मलमुत्र व्यवस्थापन कार्यक्रम ५० प्रतिशत अनुदान | ५०० | क) व्यवस्थित गोठ/खोर भई कम्तिमा ५ माउ गाई वा भैंसी वा दुवै वा १५ वटा पाडापाडी पालन गरेको, कम्तिमा १५ वटा माउ भेडा वा बाख्रा वा दुवै पालन गरेको, कम्तिमा १० वटा माउ बँगुर वा २० वटा फ्याटनर (मासु उत्पादनका लागि पालिएका बँगुर) पालन गरेको हुनुपर्ने।( |
| २. | बगर खेती विस्तार तथा प्रवर्द्धन कार्यक्रम | १५० | क) व्यवसायिक कृषक/कृषि फर्म/कम्पनी मार्फत २ रोपनी क्षेत्रफल र कृषक समूह/सहकारीको हकमा कम्तीमा ५ रोपनीमा खेती गरेको हुनुपर्ने।<br>ख) आवश्यक बीउविजन, सिंचाई, खाद्यतत्व व्यवस्थापन, बाली संरक्षण सामाग्री, औजार तथा उपकरण सहयोग। |

२०८३/०६/२०
सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत


Phone: 065-563162/563163, Fax:977-65-563233, Email: vyasmunicipality@gmail.com,
Web: www.vyasmun.gov.np

| | | | |
|---|---|---|---|
| ३. | सूर्यमुखी फूल तथा नवीनतम कृषि बाली प्रवर्द्धन कार्यक्रम | ३०० | क) सुर्यमुखी फूल लगाएत नवीनतम कृषि बालीको हकमा प्रति व्यक्ति कम्तिमा २ रोपनी क्षेत्रफल खेती गरेको हुनुपर्ने।<br>ख) आवश्यक बीउविजन, सिँचाई, खाद्यतत्व व्यवस्थापन, बाली संरक्षण सामाग्री, औजार तथा उपकरण सहयोग। |

आवश्यक कागजातहरू

१आवेदन एवं संक्षिप्त कार्ययोजनाको प्रस्ताव,

२.नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि,

३.जग्गाधनीको लालपूर्जाको प्रतिलिपि वा भाडाको जग्गा भए जग्गा करारनामा सम्झौताको प्रतिलिपि,

४.सम्बन्धित वडाको कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र,

५.संस्था/फर्म को हकमा दर्ता/नविकरण सम्बन्धी कागजातको प्रतिलिपि, गत आ.व. को लेखापरिक्षण प्रतिवेदन प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि, निर्णयको प्रतिलिपि ।

माथि उल्लेखित कार्यक्रमहरू व्यास नगर कृषि तथा पशुपंक्षी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ अनुरुप सञ्चालन हुनेछ। थप जानकारीको लागि सम्पर्क नः ९८६६०००९१४/९८६५००३१३६

सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत


Phone: 065-563162/563163, Fax:977-65-563233, Email: vyasmunicipality@gmail.com,
Web: www.vyasmun.gov.np